July 27th, 2024

Saturday

National News

**प्रमुख समाचार:**

1. विकसित भारत @2047 हरेक भारतीयको महत्वाकांक्षा भएको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको धारणा
2. प्रधानमन्त्रीले भोलि मासिक रेडियो कार्यक्रम 'मन की बात' मा आफ्ना विचार साझा गर्नुहुने
3. राष्ट्रले आज पूर्व राष्ट्रपति तथा प्रख्यात वैज्ञानिक डा. ए. P.J अब्दुल कलामको ९औँ पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गर्दै
4. पेरिस ओलम्पिक हिजो राति भव्य उद्घाटन समारोहबीच शुभारम्भ
5. टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेलहरूको शृंखलाको पहिलो खेलमा, भारतले आज साँझ पल्लेकेलेमा आयोजक श्रीलंकासँग खेल्दै

## 1. PM Niti Aayog

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विकसित भारत @2047 हरेक भारतीयको महत्वाकांक्षा भएको बताउनुभएको छ। नीति आयोगको नवौं परिचालक परिषद  बैठकलाई सम्बोधन गर्दै, श्री मोदीले जनतासँग प्रत्यक्ष रूपमा जोडिएकोले यो उद्देश्य हासिल गर्न राज्यहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो। श्री मोदीले यो प्रविधि, भूराजनीति र अवसरका लागि परिवर्तनको दशक भएको बताउनुभयो। प्रधानमन्त्रीले भारतले यी अवसरहरूको सदुपयोग गर्दै अन्तर्राष्ट्रिय लगानीका लागि उपयुक्त नीति बनाउन आवश्यक रहेको बताउनुभयो। उहाँले भारतलाई विकसित राष्ट्र बनाउनको लागि यो प्रगतिको माध्यम भएको बताउनुभयो। श्री मोदीले देश सही दिशामा अघि बढेको बताउनुभयो । उहाँले देशवासीमा पूर्ण उत्साह र आत्मविश्वास रहेको बताउनुभयो । सबै राज्यको साझा प्रयासबाट विकसित भारत @2047 को सपना पूरा गर्न सकिने प्रधानमन्त्रीले बताउनुभयो। उहाँले विकसित राज्यले विकसित भारत बनाउने बताउनुभयो।  नीति आयोगको परिचालक परिषदको बैठक राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा बसेको थियो। नीति आयोगका अध्यक्ष श्री मोदीले यस बैठकको अध्यक्षता गर्नुभएको थियो। यस बैठकमा सबै राज्यका मुख्यमन्त्रीहरू र केन्द्र शासित प्रदेशका उपराज्यपालहरू, पदेन सदस्यका रूपमा केन्द्रीय मन्त्रीहरू र विशेष आमन्त्रित व्यक्तिहरू तथा नीति आयोगका उपाध्यक्ष श्री सुमन बेरी र सदस्यहरू सहभागी थिए। यस वर्षको बैठकको विषयवस्तु विकसित भारत @2047 भारतलाई विकसित राष्ट्र बनाउनेमा केन्द्रित थियो। परिचालक परिषद को बैठकमा विकसित भारत @2047 मा परिकल्पनाको लागि प्रस्ताव पत्र छलफल गरियो। यस बैठकको उद्देश्य केन्द्र र राज्य सरकारहरू बीचको सहयोग र सुशासनलाई बढावा दिनु थियो। यसले सरकारी हस्तक्षेपहरूको वितरण संयन्त्रलाई बलियो बनाएर ग्रामीण र शहरी दुवै

जनसंख्याको जीवनको गुणस्तर प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। बैठकमा विकसित भारत @2047 को लक्ष्य हासिल गर्न राज्यहरूको भूमिकाको बारेमा विस्तृत रूपमा छलफल गरियो।

## 2. PM Namo App

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नमो एपमा 'बजेट २०२४ को आधारभूत योजना' साझा गर्नुभएको छ। यसको उद्देश्य विभिन्न सरकारी घोषणाहरू, योजनाहरू र रोजगारी सिर्जना अनि सीपसँग सम्बन्धित नयाँ पहलहरूलाई सरल रूपमा व्याख्या गर्नु हो। श्री मोदीले सामाजिक सञ्जाल मञ्च मार्फत साझा गर्नुभएअनुसार बजेटले रोजगारी सिर्जना गर्ने, बलियो कार्यबल निर्माण गर्ने र रोजगारी प्रदायकहरूलाई नयाँ रोजगारी-सम्बन्धित प्रोत्साहन योजनाहरूको साथ सक्षम बनाउने लक्ष्य राखेको छ।

## 3. Mandaviya - Internship

खेलकुद तथा युवा मामिला मन्त्री श्री मनसुख माण्डवीयले सरकारले पाँच वर्षको अवधिमा पाँच सय ठूला कम्पनीमा एक करोडभन्दा बढी युवालाई तालिमको अवसर प्रदान गर्ने बताउनुभएको छ। तालिम कार्यक्रमले पाँच वर्षभन्दा बढीको कार्यकालमा चार करोडभन्दा बढी युवालाई सीप विकास र अन्य अवसर प्रदान गर्ने उहाँले बताउनुभयो। सञ्चारमाध्यमसँग कुरा गर्दै श्री मण्डावियाले शीर्ष कम्पनीबाट प्राप्त तालिम अनुभवले युवाको सीप र रोजगारीमा सुधार ल्याउने बताउनुभयो।

## 4. Jaishankar – Laos VP/FM

विदेश मन्त्री डा. एस जयशंकरले आज लाओसका उपप्रधानमन्त्री तथा विदेश मन्त्री श्री सालाउ मैक्सी कोमासिथसँग लाओ पीडीआरमा भेट गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा, डा. जयशंकरले लाओसका लागि दस परियोजनाहरूका लागि सम्झौता पत्रहरू आदानप्रदान गरिएको बताउनुभएको छ। । सो अवसरमा विशेष हुलाक टिकट पनि विमोचन गरिएको थियो । विदेशमन्त्रीले भेन्टियानमा टर्कीका विदेशमन्त्री श्री हाकान फिदानसँग पनि भेट गर्नुभयो। डा जयशंकरले दुई नेताबीच आपसी सम्बन्ध र क्षेत्रीय तथा विश्वव्यापी मुद्दामा विचार आदानप्रदान भएको बताउनुभयो।

## 5. PM Mann ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणी रेडियोको 'मन की बात' कार्यक्रममा देश तथा विदेशका जनतासँग आफ्ना विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको ११२ औं शृङ्खला हो। मन की बात कार्यक्रम आकाशवाणी र दूरदर्शन, एआईआर न्यूज वेबसाइट र एआईआर मोबाइल एपमा समाचारका सबै नेटवर्कहरूमा उपलब्ध हुनेछ। यो आकाशवाणी रेडियोको युट्युब च्यानल, डीडी न्यूज, प्रधानमन्त्रीको कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयमा प्रत्यक्ष प्रसारण हुनेछ। प्रधानमन्त्रीको कार्यक्रमलगत्तै सबै क्षेत्रीय भाषामा प्रसारण हुनेछ।

## 6. VP- Ek Ped Maa ke Naam

उपराष्ट्रपति श्री जगदीप धनखरले आज दिल्लीको यमुना नदीको किनारमा रहेको असिता पार्कमा एक पेड माँ के नाम अभियानअन्तर्गत आफ्नी आमा केशरी देवीको सम्मानमा बिरुवा रोप्नुभएको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गत महिना विश्व पर्यावरण दिवसको अवसरमा 'एक पेड माँ के नाम' अभियान सुरु गर्नुभएको थियो।

## 7. Kalam – Death Anniversary

राष्ट्रले आज पूर्वराष्ट्रपति तथा प्रख्यात वैज्ञानिक डा. P. J अब्दुल कलामको ९औँ पुण्यतिथिमा श्रद्धाञ्जली अर्पण गरेको छ। डा. कलामले भारतको अन्तरिक्ष र मिसाइल कार्यक्रममा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो।। उहाँलाई 'मिसाइल म्यान अफ इन्डिया' पनि भनिन्छ ।

## 8. Paris Olympic Opening Ceremony

पेरिस ओलम्पिक हिजो राति भव्य उद्घाटन समारोहबाट सुरु भएको छ । भारी वर्षाको बीचमा ठूलो संख्यामा मानिसहरू यो ऐतिहासिक क्षणको साक्षी बने। फ्रान्सका राष्ट्रपति श्री इमानुएल म्याक्रोले ओलम्पिक खेल सुरु भएको घोषणा गर्नुभयो। तीन पटकको जुडो च्याम्पियन टेडी राइनरले ओलम्पिक ज्वाला प्रज्वलित गरेका थिए। भारतीय टोलीको नेतृत्व पी.वी. सिन्धु र शरथ कमलले गरे । सेन नदीमा आयोजना गरिएको परेडमा विश्वभरका करिब सात हजार खेलाडीले भाग लिएका थिए ।

## 9. Paris Olympic – Manu

भारतकी मनु भाकेरले पेरिस ओलम्पिकमा सुटिङको छनोट प्रतियोगितामा महिला १० मिटर एयर पिस्टल प्रतियोगिताको फाइनलमा स्थान पक्का गरेकी छिन्।

## 10. T20 Cricket

क्रिकेटमा भारत र आयोजक श्रीलंकाबीचको पहिलो टी–ट्वान्टी क्रिकेट खेल आज साँझ ७ बजेदेखि पल्लीकल्ले अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा हुँदैछ । तीन खेलको शृङ्खलाका लागि भारतीय टोलीको नयाँ कप्तान सूर्यकुमार यादव बनेका छन् ।

## 11. Women's T20 Asia Cup

एसिया कप महिला टी–२० क्रिकेटमा श्रीलंका पाकिस्तानलाई ३ विकेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । उपाधिका लागि भोलि श्रीलंका र वर्तमान च्याम्पियन भारत भिड्दैछन् । यसअघि भारतले पहिलो सेमिफाइनलमा बंगलादेशलाई १० विकेटले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।